थियो ।
हाल चुक्ता पुँजी एक

छ सय चार रूपैयाँ खुद
व्याज आम्दानी गरेको

# नेरूडे मिर्मिरे लघुवित वित्तीय संस्था लि.

**NERUDE MIRMIRE LAGHUBITTA BITTIYA SANSTHA LTD.**

नेपाल राष्ट्र बैंकबाट ग वर्गको इजाजतपत्र प्राप्त वित्तिय स्तरको वित्तीय संस्था

**Head Office :** Banepa-8, Kavrepalanchok, **Phone No :** 011-662311/12
**Website :** www.nerudemirmire.com.np, **E-mail :** info@nerudemirmire.com.np

## UNAUDITED INTERIM FINANCIAL STATEMENTS

### Condensed Statement of Financial Position
As on Quarter Ended 29th Poush 2081

Amount in NPR

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and Cash Equivalents | 490,482,498.97 | 330,530,712.43 |
| Statutory Balances & due from Nepal Rastra Bank | 91,633,320.52 | 89,133,320.52 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and Advances to MFIs & Co-operatives | - | - |
| Loans and Advances to Customers | 20,099,323,975.31 | 20,142,227,617.50 |
| Investment Securities | 381,732,590.42 | 379,445,784.20 |
| Current Tax Assets | 48,786,442.64 | (23,664,138.09) |
| Investment Property | - | - |
| Property and Equipment | 451,906,191.10 | 455,390,775.38 |
| Goodwill and Intangible Assets | 29,842,960.60 | 29,842,960.60 |
| Deferred Tax Assets | 53,455,554.88 | 53,455,554.88 |
| Other Assets | 265,379,622.14 | 34,033,663.03 |
| **Total Assets** | **21,912,543,156.58** | **21,490,396,250.45** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instruments | - | - |
| Deposits from Customers | 6,233,309,818.16 | 6,141,362,980.97 |
| Borrowings | 11,249,935,904.90 | 11,028,290,087.18 |
| Current Tax Liabilities | - | - |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other Liabilities | 1,854,040,700.29 | 1,603,671,732.96 |
| Debt Seqruities Issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **19,337,286,423.35** | **18,773,324,801.11** |
| **Equity** | - | |
| Share Capital | 1,397,764,545.00 | 1,397,764,545.00 |
| Share Premium | - | - |
| Retained Earnings | (198,485,299.12) | 52,902,755.11 |
| Reserves | 1,375,977,487.35 | 1,266,404,149.23 |
| **Total Equity** | **2,575,256,733.24** | **2,717,071,449.35** |
| **Total Liabilities and Equity** | **21,912,543,156.58** | **21,490,396,250.45** |
| **Net Assets Value per share** | **184.24** | **194.39** |

### Condensed Statement of Profit or Loss
For the Quarter Ended 29th Poush 2081

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| Interest Income | 765,136,374.73 | 1,359,561,142.89 | 349,300,675.39 | 708,267,733.29 |
| Interest Expense | 375,974,778.86 | 725,712,779.59 | 232,762,451.62 | 465,729,340.00 |
| **Net Interest Income** | **389,161,595.87** | **633,848,363.30** | **116,538,223.77** | **242,538,393.29** |
| Fee and Commission Income | 42,032,684.76 | 76,223,572.46 | 65,981,595.93 | 122,104,900.91 |
| Fee and Commission Expense | 879,034.15 | 5,838,392.67 | 2,686,654.49 | 6,730,627.49 |
| **Net Fee and Commission Income** | **41,153,650.61** | **70,385,179.79** | **63,294,941.44** | **115,374,273.42** |
| **Net Interest, Fee and Commisson Income** | **430,315,246.48** | **704,233,543.09** | **179,833,165.21** | **357,912,666.71** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | - | - | - | - |
| Total Operating Income | 430,315,246.48 | 704,233,543.09 | 179,833,165.21 | 357,912,666.71 |
| Impairment Charge/ (Reversal) for Loans and Other Losses | (15,580,436.38) | 262,453,546.41 | 50,608,964.53 | 75,750,024.33 |
| **Net Operating Income** | **445,895,682.86** | **441,779,996.68** | **129,224,200.68** | **282,162,642.38** |
| Operating Expense | | | | |
| Personnel Expenses | 200,650,818.30 | 408,688,508.32 | 97,801,331.05 | 204,321,492.90 |
| Other Operating Expenses | 80,797,578.08 | 95,279,804.13 | 18,234,582.78 | 32,205,295.75 |
| Depreciation & Amortisation | 3,154,426.56 | 6,479,893.16 | 4,955,947.44 | 10,194,928.24 |
| **Operating Profit** | **161,292,859.92** | **(68,668,208.93)** | **8,232,339.42** | **35,440,925.49** |
| Non Operating Income | 2,852,783.23 | 5,959,607.05 | 0.00 | 0.00 |
| Non Operating Expense | 0.00 | 0.00 | 0.00 | 0.00 |
| **Profit Before Income Tax** | **164,145,643.15** | **(62,708,601.88)** | **8,232,339.42** | **35,440,925.49** |
| **Income Tax Expense** | **0.00** | **0.00** | **2,469,701.83** | **10,632,277.65** |
| Current Tax | 0.00 | 0.00 | 2,469,701.83 | 10,632,277.65 |
| Deferred Tax | 0.00 | 0.00 | 0.00 | 0.00 |
| Profit for the Year | 164,145,643.15 | (62,708,601.88) | 5,762,637.59 | 24,808,647.84 |
| **Profit Attributable to:** | | | | |
| Equity-holders of the Financial Institution | 164,145,643.15 | (62,708,601.88) | 5,762,637.59 | 24,808,647.84 |
| Non-controlling interest | 0.00 | 0.00 | 0.00 | 0.00 |
| **Profit for the Year** | **164,145,643.15** | **(62,708,601.88)** | **5,762,637.59** | **24,808,647.84** |

### Condensed Statement of Comprehensive Income
For the Quarter Ended 29th Poush 2081

Amount in NPR

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter (YTD) | This Quarter | Up to This Quarter (YTD) |
| **Profit for the Period** | **164,145,643.15** | **(62,708,601.88)** | **5,762,637.59** | **24,808,647.84** |
| **Total Comprehensive Income** | **164,145,643.15** | **(62,708,601.88)** | **5,762,637.59** | **24,808,647.84** |
| **Total Comprehensive Income for the Period** | **164,145,643.15** | **(62,708,601.88)** | **5,762,637.59** | **24,808,647.84** |
| Earnig Per Share | | | | |
| Basic Earning per Share | - | (8.97) | - | 6.78 |
| Diluted earnings per share | - | (8.97) | - | 6.78 |

### Ratios as per NRB Directive

| Particulars | Current Year | Previous Year Corresponding |
|---|---|---|
| | Up to This Quarter (YTD) | Up to This Quarter (YTD) |
| Capital fund to RWA | 8.81% | 9.42% |
| Non-performing loan (NPL) to total loan | 8.47% | 8.83% |
| Total loan loss provision to Total NPL | 51.97% | 26.11% |
| Cost of Funds | 9.59% | 9.67% |
| Credit to Deposit and borrowing Ratio | 114.96% | 325.00% |
| Base Rate | 15.59% | 14.02% |
| Interest Rate Spread | 5.40% | 5.33% |

| Interest Rate | |
|---|---|
| **Deposits : 7.5% to 10%** | **Loan & Advance : 15%** |

### Condense Statement of Distributable Profit or Loss
For the Quarter Ended 29th Poush 2081
(As per NRB Regulation)

| Particulars | Current Year |
|---|---|
| **Opening Retained Earnings Before Allocation(Adjusted)** | **52,902,755.11** |
| **Net profit or (loss) as per statement of profit or loss** | **(62,708,601.88)** |
| **Appropriations:** | |
| a. General reserve | - |
| b. Foreign exchange fluctuation fund | - |
| c. Capital redemption reserve | - |
| d. Corporate social responsibility fund | - |
| e. Employees' training fund | - |
| f. Client Protection Fund | - |
| g. Other | (84,511,552.28) |
| **Profit or (loss) before regulatory adjustment** | **(94,317,399.05)** |
| **Regulatory adjustment :** | |
| a. Interest receivable (-)/previous accrued interest received (+) | (104,167,899.98) |
| b. Short loan loss provision in accounts (-)/reversal (+) | - |
| c. Short provision for possible losses on investment (-)/reversal (+) | - |
| d. Short loan loss provision on Non Banking Assets (-)/resersal (+) | - |
| e. Deferred tax assets recognised (-)/ reversal (+) | - |
| f. Goodwill recognised (-)/ impairment of Goodwill (+) | - |
| g. Bargain purchase gain recognised (-)/resersal (+) | - |
| h. Acturial loss recognised (-)/reversal (+) | - |
| i. Other (+/-) | - |
| Other | |
| Loan Loss Provision Write back | - |
| **Distributable profit or (loss)** | **(198,485,299.03)** |
| Annualized distributable profit/loss per share | (14.20) |

**Notes.**

1. The above unaudited financial statements have been prepared in accordance with Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs issued by the Institute of Charteard Acoountants of Nepal (ICAN). These figure may vary at the instances of statutory auditors and regulators
2. The Loans and advance includes interest receivable & staff Loan and are presented net of impariment loss.
3. Acturial Valuation will be done on annual basis for Employee benefit.
4. Personnel Expenses includes staff bonus provision allocated as per rule .
5. Previous Period figures are regrouped/rearranged/restected wherever necessary for consistant presentaion and comparison.
6. The above figures are subject to change as per the direction of Regulators and/of statutory auditors.
7. The detailed interim financial report has been published in our website http://www.nerudemirmire.com.np

धितोपत्र दर्ता तथा निष्काशन बिनमावली २०७३ अनुसूची १४ (नियम ३६ को उपनियम (१) सँग सम्बन्धित)

## आर्थिक वर्ष २०८१/८२ को दोश्रो त्रैमासिक अवधिको विवरण

१. **वित्तीय विवरण :**

(क) **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धि विवरण :** यस वित्तीय संस्थाको आ.व.२०८१।८२ को दोश्रो त्रैमासको अपरिष्कृत (Unaudited) वित्तीय विवरणहरु वासलात, नाफा नोक्सान हिसाब, वितरण योग्य मूनाफा र सो सम्बन्धीत परिसूचकहरु नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) बमोजिम यसै साथ प्रकाशित गरिएको छ ।

(ख) **प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकिकरण) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| (८.९७) | (७३.२२) | १८४.२४ | १५६७.६८ | १२.०७ |

२. **व्यवस्थापकीय विश्लेषण :**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सोको प्रमुख कारण सम्बन्धी विवरण:** विगत देखि वित्तीय क्षेत्र प्रति फैलाइएका नकारात्मक सन्देश तथा आर्थिक संकुचनको कारण वित्तीय कारोवारहरुमा पर्न गएको असर तथा मर्जर पश्चात संस्थाको आन्तरिक समस्याको कारण वित्तीय संस्थाको मौज्दात, आम्दानी र तरलतामा व्यवस्थापनले आँकलन गरे अनुसारको नतिजा प्राप्त हुन नसकेता पनि अघिल्लो त्रैमासको भन्दा कर्जा लगानी तथा सदस्यको बचत बृद्धि भएको छ । वित्तीय बजारमा कोषको लागतमा कमी भई संस्थाको खर्चमा कमी आएको छ । व्यवस्थापनले आन्तरिक समस्या व्यवस्थापन गरि लघुवित्त क्षेत्रमा देखिएका जोखिम साथै संचालन जोखिम आदीलाई उच्च प्राथमिकताका साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गर्दै आएको छ । आगामी दिनमा वित्तीय क्षेत्रमा देखिएका समस्याहरुको क्रमशः सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने व्यवस्थापनको अनुमान रहेको छ ।

(ख) **आगामी अवधिको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** राष्ट्रिय स्तरको नेरुडे लघुवित्त वित्तीय संस्था लिमिटेड र मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेड एकआपसमा मर्जर भई नेरुडे मिर्मिरे लघुवित्त वित्तीय संस्था लिमिटेडको नामबाट हाल देशभरका २२५ वटा शाखा कार्यालयहरु मार्फत ३००४४८ विपन्न परिवारमा लघुवित्त सेवा प्रदान गरिरहेको छ । नविनतम् प्रविधिको प्रयोग गरी छिटो छरितो र विश्वसनीय सेवा दिई सदस्यहरुको वित्तीय श्रोतको पहुचमा सहजता प्रदान गर्दै आएको छ । यस वित्तीय संस्थाले सदस्यहरुलाई वित्तीय साक्षरता तथा वित्तीय सचेतना प्रदान गर्ने, संस्थागत क्षमता अभिबृद्धी गरी कर्जामा निहीत जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने, गुणस्तरीय कर्जा विस्तार गर्ने, वित्तीय श्रोत अभिबृद्धीको लागि बचत परिचालन गर्ने र संचालन खर्च कम गर्दैजाने योजना तथा रणनीति अनुरुप कार्य गर्दै आइरहेको छ ।

(ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** वर्तमान अवस्थामा कर्जा लगानीमा निर्धारण गरिएको ब्याजदरको सीमा, कोषको स्रोतको परनिर्भरता, लघुवित्त संस्थाहरु बीचको अस्वस्थ प्रतिस्पर्धा र फिल्डमा लघुवित्त विरुद्ध भईरहेका अस्वभाविक क्रियाकलापहरु आदि कारणले संस्थाको कारोबारमा असर परेको छ । आगामी दिनमा यस प्रकारका नाकारात्मक असर पर्नसक्ने अवस्थाहरु आउन नदिन आवश्यक नीति नियम कार्यविधि तर्जुमा गरि संस्थालाई सकारात्मक उपलब्धी सहित अघि बढाउदै लैजान व्यवस्थापन कटिबद्ध रहेको छ ।

3. **कानुनी कारवाही सम्बन्धी विवरण :**

(क) त्रैमासिक अवधिमा संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा मुद्दा दायर भएको कुनै सूचना प्राप्त भएको छैन ।

(ख) संस्थाका संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

(ग) कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको कुनै जानकारी प्राप्त भएको छैन ।

8. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**

(क) धितोपत्र बजारमा हुने शेयर कारोबार सम्बन्धमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा शेयर सूचीकृत भई सन्तोषजनक कारोबार भईरहेको छ ।

(ख) यस त्रैमासिक अवधिमा यस वित्तीय संस्थाको शेयरको कारोबार निम्नानुसार भएको देखिन्छ ।

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार कुल दिन | कारोबार शेयर संख्या |
|---|---|---|---|---|
| ८१८ | ६४५ | ६५७ | ५५ | ८००६०२ |

५. **समस्या तथा चुनौती :**

- लघुवित्त वित्तीय संस्थाहरु विरुद्ध संचालित गतिविधिहरु ।
- बैंक तथा वित्तीय संस्थाहरुबाट लिइने कर्जा सापटीको ब्याजदरमा हुने उतार चढाव ।
- व्यवसायिक गतिविधिमा संकुचन ।
- बहुबैंकिङको समस्या ।
- कोषको श्रोतमा सिमितता/परनिर्भरता ।

६. **संस्थागत सुशासन :**

नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुको साथै विद्यमान ऐन, कानून, नीति नियमहरु आदिको पालना गर्दै संस्थागत सुशासनको लागि यस वित्तीय संस्था सदैव प्रतिबद्ध रहेको छ । संस्थाको प्रबन्धपत्र, नियमावली, कर्मचारी सेवा विनियमावली, कर्जा नीति लगायत आवश्यक कार्यविधि तयार गरि कार्यान्वयनमा ल्याइएको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आवश्यक विभाग तथा ईकाईहरु मार्फत आवश्यक कर्मचारी व्यवस्था गरेको साथै आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा नेपाल राष्ट्र बैंकबाट समय समयमा हुने निरीक्षणबाट प्राप्त सुझावहरुको पूर्ण रुपमा पालना गर्दै संस्थागत सुशासनलाई सुदृढ बनाउन लेखापरीक्षण समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ती शुद्धिकरण अनुगमन समिति र जोखिम व्यवस्थापन समिति सक्रिय रहेको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानी कर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।